फोन नं. ०१०-५४१०८८

स्थानीय सरकार
गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेंशी, रसुवा
बागमती प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

प.सं: २०८३/८४
च.नं:

<u>बेपत्ता र मृत्यु भएका घरधुरी/व्यक्तिहरूको विवरणमा दावी विरोध गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना।</u>

**(प्रकाशित मिति २०८३।०६।०७)**

यस गोसाँइकुण्ड गाउँपालिकामा मिति २०८३ भाद्र १० गते चीनको तिब्बतबाट रसुवागढी नाका हुँदै भोटेकोशी नदीमा आएको विनाशकारी वाढीका बाढीका कारण जनधनको ठूलो क्षति भएको सर्वविदितै छ । यसै सन्दर्भमा, विपद् प्रभावित नागरिकहरूको वास्तविक तथ्याङ्क यकिन गर्नका लागि सम्बन्धित वडा कार्यालयहरूको सिफारिसको आधारमा बाढीमा परी मृत्यु भएका तथा बेपत्ता भएका व्यक्तिहरूको प्रारम्भिक अन्तिम विवरण तयार गरिएको छ।

मृतक तथा बेपत्ता परिवारको क्षतिपूर्ति, पुनर्स्थापना र आगामी कानुनी तथा प्रशासनिक प्रक्रियालाई पूर्ण रूपमा पारदर्शी, न्यायपूर्ण र व्यवस्थित बनाउन, वडा नं. १, ३ र ६ का मृतक तथा बेपत्ता व्यक्तिहरू र उहाँहरूको हकवाला/घरमूलीको विवरण मात्र यसै सूचनासाथ (सूचनाको पाना पछाडि) सार्वजनिक गरिएको छ। उक्त प्रकाशित नामावलीको सम्बन्धमा तलका मध्ये कुनै अवस्था भएमा यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र (मिति २०८३/०६/०९ गते कार्यालय समयभित्र) आवश्यक कानुनी प्रमाणसहित सम्बन्धित वडा कार्यालयमा लिखित रूपमा 'दावी विरोध' दर्ता गराउनु हुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. कुनै वास्तविक मृतक वा बेपत्ता व्यक्तिको नाम सूचीमा छुट भएको भए।
२. प्रकाशित नामावलीमा नाम, थर, ठेगाना वा हकवाला/घरमूलीको विवरण फरक परेको वा त्रुटिपूर्ण भए।
३. कोही गैर-प्रभावित वा झुटो विवरण पेश गरी सूचीमा समावेश भएको पाइएमा (झुट्टा दावी गरेको लागेमा)।

नोट: यस अघि मिति २०८३।६।३ गते जारी भएको सूचनामा वडा नं. २ र ५ का मृतक तथा बेपत्ता व्यक्तिहरू र उहाँहरूको हकवाला/घरमूलीको विवरण सम्बन्धमा छुट भएको भए कानूनी प्रमाणसहित सम्बन्धित वडा कार्यालयमा लिखित रूपमा पेश गर्नु हुन समेत अनुरोध छ।

सुरेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत